# सार्वजनिक खरिद अनुगमन कार्यालय

केसरमहल ,काठमाडौं

प.सं. :- ०८२/८३

च.नं. :- सू.प्र./९०

मिति :- वि.सं. २०८३/०३/२९

ने.स. :- ११४६ तछलागा,१४ सोमवार

विषयः e-GP प्रणालीमा बोलपत्र दस्तुर प्रविष्ट गर्ने सम्बन्धमा ।

श्री सार्वजनिक निकाय सबै

श्री बोलपत्रदाता, आपूर्तिकर्ता, परामर्शदाता सबै

प्रस्तुत विषयमा "सार्वजनिक खरिद (दोस्रो संशोधन) ऐन, २०८३" मिति २०८३/०३/२५ गते प्रमाणीकरण भई प्रारम्भ समेत भएको व्यहोरा अवगत नै छ। उक्त ऐनको दफा १३ को उपदफा (३) को प्रतिबन्धात्मक वाक्यांश बमोजिम "तर विद्युतीय खरिद प्रणालीबाट बोलपत्रको सूचना आह्वान गरिएकोमा त्यस्तो दस्तुर लाग्ने छैन" भनी व्यवस्था भएको हुँदा विद्युतीय खरिद प्रणालीमा अर्को व्यवस्था नभएसम्म तपसिल बमोजिमको बैङ्क विवरण छनौट गरी प्रकृया अगाडि बढाउन हुन सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**तपसिलः**

१. सार्वजनिक निकायहरुले विद्युतीय खरिद प्रणालीमार्फत बोलपत्र आह्वान गर्दा बोलपत्र दस्तुर शून्य '०' राखी बैङ्कको नाममा "Not Applicable" छनौट गर्नुहुन।

२. बोलपत्रदाता र आपूर्तिकर्ताहरुले बोलपत्र पेश गर्दा Bid Document Fee मा सादा कागज pdf फर्मेटमा अपलोड गर्नुहुन।

प्रमाणित डिजिटल हस्ताक्षर गर्ने व्यक्ति
Nirmal Lama
nirmal.lama@nepal.gov.np

(निर्मल लामा)

कम्प्युटर अधिकृत